नेपाल सरकार

# उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय

सिंहदरबार, काठमाडौं ।

प.सं .: योजना ०८१/०८२

च.नं .

## वर्तमान सरकार गठन भए पछिको १०० दिनभित्रमा उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयबाट सम्पादन भएको मुख्य-मुख्य कार्यहरु

वर्तमान सरकार गठन भए पछिको पहिलो १०० दिनमा उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयबाट सम्पन्न भएका मुख्य-मुख्य कार्यहरुको विवरण सर्वसाधारणको जानकारीका लागि देहायबमोजिम सार्वजनिक गरिएको छ :-

१ . स्वीकृतिका लागि मन्त्रिपरिषदमा पेस भएका नीति तथा कार्यविधि:-

क) लघु, घरेलु तथा साना उद्योग नीति, २०८१

ख) सार्वजनिक निकायमा स्वदेशी वस्तु उपयोगसम्बन्धी निर्देशिका, २०८१

ग) औद्योगिक तथा लगानी प्रवर्द्धन कोष सञ्चालन कार्यविधि, २०८१

घ) निर्यातमा अनुदान प्रदान गर्ने कार्यविधि, २०८१

२. स्वीकृत भई कार्यान्वयनमा आएका मापदण्ड :-

(क) कच्चा पदार्थ खपतसम्वन्धी मापदण्ड, २०८१

(ख) करार तथा उपकरारमा वस्तु उत्पादनसम्बन्धी मापदण्ड, २०८१

३. नेपालमा पेट्रोलियम पदार्थको सहज आपूर्ति र भण्डारण क्षमता अभिवृद्धिका लागि नेपाल आयल निगम र इन्डियन आयल कर्पोरेसन बीच देहायबमोजिम गर्ने गरी मिति २०८१/०६/१७ मा B2B सम्झौता भएको : -

क) नेपालमा पेट्रोलियम पदार्थको सहज आपूर्ति र भण्डारण क्षमता अभिवृद्धिका लागि भारतको सिलिगुढीदेखि झापाको चारआलीसम्म पाइपलाइन बिस्तार र १८ हजार ९ सय किलो लिटर क्षमताको पेट्रोलियम भण्डारण ट्याङ्की भारत सरकारको अनुदान सहयोगमा निर्माण गर्ने ।

ख) त्यसैगरी भारत सरकारको अनुदान सहयोगमा अमलेखगञ्जदेखि चितवनको लोथरसम्म पाइपलाइन बिस्तार गर्ने र ९१ हजार ९ सय किलो लिटर क्षमताको पेट्रोलियम भण्डारण ट्याङ्की भारत सरकारको प्राविधिक सहयोगमा नेपाल सरकारले निर्माण गर्ने।

४. उद्योग विभागमा १ सय ९९ वटा नयाँ उद्योग दर्ता भई रु. ३३ अर्व ६८ करोड लगानीको प्रतिवद्धता प्राप्त भएको।

५. कंचनपुरको दोधारा चाँदनीमा भारतीय सहयोगमा निर्माण हुने सुक्खा बन्दरगाह (ICP) निर्माणका लागि जग्गा प्रयोग र रुख कटानसम्बन्धी मिति २०८१/०६/०२ मा मन्त्रिपरिषदबाट स्वीकृत प्राप्त भई निर्माण प्रक्रिया अगाडि बढेको।

६. चालु आ.व. मा स्टार्टअप कार्यक्रम सञ्चालन गर्न रु. १ अर्ब विनियोजन गरिएकोमा उक्त कार्यक्रमबाट स्टार्टअप उद्यमीको वित्तीय पहुँच बढाउन सहुलियतपूर्ण कर्जा प्रवाह गर्न प्रस्ताव आव्हान गरी सूचना प्रकाशन गर्दा ५१५८ वटा प्रस्ताव परेको र सोको मूल्यांकन सम्बन्धी कार्य भईरहेको ।

नेपाल सरकार

# उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय

सिंहदरबार, काठमाडौं ।

प.सं .: योजना ०८१/०८२

च.नं .

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
सिंहदरबार, काठमाडौं

७. विशेष आर्थिक क्षेत्र : -

क) भैरहवा विशेष आर्थिक क्षेत्रमा १० वटा उद्योगलाई उद्योग स्थापना गर्न प्लट (जग्गा) अनुमति प्रदान गरिएको । उक्त उद्योगहरुबाट कूल रु. ३ सय ४४ करोड लगानी तथा ३५ सय २३ जनालाई रोजगारी सिर्जना गर्ने प्रतिबद्धता प्राप्त भएको ।

ख) सिमरा विशेष आर्थिक क्षेत्रमा १५ वटा उद्योगलाई उद्योग स्थापना गर्न प्लट (जग्गा) अनुमति प्रदान गरिएको उक्त उद्योगवाट कूल रु. ६ सय ८४ करोड लगानी र १२ सय ८७ जना रोजगारी सिर्जना गर्ने प्रतिवद्धता प्राप्त भएको । प्लट अनुमति प्रदान गरिएका उद्योगहरुमध्ये ७ वटा उद्योगसंग उद्योग सञ्चालनका लागि सम्झौता समेत गरिएको ।

८. वस्तु, सेवा र प्रक्रियाको गुणस्तर निर्धारण गर्ने संस्थाहरुको कामको स्तर निर्धारण तथा प्रमाणीकरण गर्ने उदेश्यले नेपाल एक्रिडिटेसन सेन्टर स्थापना भई सञ्चालनमा आएको ।

९. चाडपर्व लक्षित आपूर्ति व्यवस्थापन सहज बनाउन र बजारमा हुन सक्ने अवान्छित क्रियाकलाप हुन नदिन निम्न कार्य गरिएको: -

क) खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेडमार्फत ४२ जिल्लाका ६१ स्थान र साल्ट ट्रेडिङ कर्पोरेसनमार्फत उपत्यकाका ९ स्थान र ३ वटा मोवाइल भ्यानमार्फत समेत गरी जम्मा ७० स्थानमा सुपथ मूल्य पसल सञ्चालनमा गरिएको ।

ख) देशभर चाडवाड लक्षित १४८ वटा अनुगमन टोली परिचालन गरी ५७० फर्मको अनुगमन गरिएको ।

१०. उद्योग विभागबाट तोकिएको क्षेत्रमा रु. ५० करोड सम्मको प्रत्यक्ष वैदेशिक लगानी स्वचालित मार्ग (Automated Route) बाट स्वीकृत गर्ने कार्य प्रारम्भ भएको, यसबाट लगानी सहजीकरण हुनुको साथै लगानीकर्ताको समय र लागत घट्ने विश्वास लिएको ।

११. कम्पनी रजिष्ट्रारको कार्यालयमा पूर्ण रुपमा स्वचालित प्रणालीबाट कम्पनी दर्ता गर्ने कार्य शुरु भएको ।

१२. उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय अन्तर्गत संचालनमा रहेका मध्ये बन्द तथा आंशिक रुपमा संचालनमा रहेका ९ वटा उद्योगहरुको अद्यावधिक विवरण अर्थ मन्त्रालय, संस्थान समन्वय महाशाखालाई उपलब्ध गराईएको ।

उद्योग, वाणिज्य तथा आपूर्ति क्षेत्रमा केही समस्या तथा चुनौतीहरु रहेको भए तापनि वर्तमान सरकार गठन भए पछिको पहिलो १०० दिनमा मन्त्रालयको अग्रसरता, समन्वय र सहजीकरणमा आपूर्ति व्यवस्थापनलाई सहज बनाउन, उपभोक्ता हित संरक्षण, औद्योगिक पूर्वाधार निर्माण, बैदेशिक लगानी तथा व्यापार सहजीकरण र उद्यमशीलता प्रवर्द्धनको क्षेत्रमा प्रगति हासिल भएको छ ।

मिति :-२०८१।०७।०६

प्रवक्ता/सहसचिव